E-mail: - aabijyoti@gmail.com

"विद्या नै धन हो , छोरीलाई पनि विद्यालय पठाऔं ।"

# श्री ज्योति आधारभूत विद्यालय

कमल – ४, अमलडाँगी, झापा, कोशी प्रदेश

स्था.- २०४२

कोड नं.- ०४०५०००० ४

प.सं : ३

च.नं.: २०८३।०८४

मिति: २०८३ / ०४ / २७

श्री सम्बन्धित सबै ।

**विषय : सरुवा सहमतिका लागि दरखास्त आह्वान गरिएको बारे ।**

प्रस्तुत विषयमा यस विद्यालयको निम्न माध्यमिक तह तृतीय श्रेणी अंग्रेजी विषयको एक (१) शिक्षक दरबन्दी रिक्त रहेको हुँदा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन २०८३) को सरुवा सम्बन्धी व्यवस्था बमोजिम उक्त दरबन्दीमा स्थायी शिक्षक सरुवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकाले निम्न माध्यमिक तह, तृतीय श्रेणीको स्थायी दरबन्दीमा रही सोही विषयमा कार्यरत तथा सरुवाका लागि योग्य, इच्छुक शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन (**२०८३।०५।१० सम्म**) कार्यालय समयभित्र सरुवाका लागि तपशिलका कागजात सहित दरखास्त आह्वान गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरू:**

- सरुवाका लागि हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- आफ्नो सेवा अवधि खुल्ने कागजात ।
- स्थायी, अस्थायी नियुक्तिपत्रको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि ।
- हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात ।
- असाधारण तथा वेतलबी विदा लिए नलएको सम्बन्धित कागजात ।
- विद्यालयको सहमति पत्र ।
- सम्बन्धित स्थानीय तहको सहमति पत्र ।
- शिक्षा नियमावली दशौं संशोधन २०८३ बमोजिम प्राथमिकतामा दाबी गर्ने प्रमाण कागजात (आवश्यक भएमा) ।
- शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिम फारम ।
- अन्तरजिल्लाको हकमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सहमति पत्र ।

उक्त अवधि भित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली, २०५९ (दशौं संशोधन २०८३) प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**बोधार्थ:**

१) श्री शिक्षा विकास तथा समन्वय इकाई, झापा-जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि ।

२) श्री शिक्षा युवा तथा खेलकुद शाखा, कमल गापा-जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि ।

३) श्री कमल गापा ४ नं वार्ड कार्यालय-जानकारीका लागि ।

४) विद्यालयको सूचना पाटीमा तथा एवं सामाजिक सञ्जालमा प्रकाशनका लागि ।

**सम्पर्क नं: ९८४२६७०३१८, ९८१७९०३६७७ ईमेल:** aabijyoti@gmail.com

**प्रधानाध्यापक**

प्रधानाध्यापक